त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर:

मिति : २०८३/०३/०३
नेपाल सम्वत् : ११४६ तछलाथ्व तृतिया

विषयः भू-उपयोग योजना तथा भू-वर्गीकरण स्वीकृत सम्बन्धी अत्यन्त जरुरी सूचना!

प्रस्तुत विषयमा यस गाउँपालिकाको क्षेत्रभित्र (वडा नं. १ देखि ७ सम्म) रहेका जग्गाहरूको वैज्ञानिक व्यवस्थापन, संरक्षण र समुचित उपयोग गर्ने उद्देश्यले भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ को मर्म बमोजिम तयार पारिएको "भू-उपयोग योजना तथा भू-वर्गीकरण सम्बन्धी अध्ययन प्रतिवेदन" यस गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद्बाट स्वीकृत गरिएको छ।

अतः भू-उपयोग ऐन, २०७६ को दफा ६ को उपदफा (५) र (६), दफा १९ को खण्ड (क) र भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा २८ को उपदफा (१) बमोजिम सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीः

१. क्षेत्रगत वर्गीकरणः जग्गाहरूलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, नदी-खोला-सिमसार, वन, सार्वजनिक उपयोग र सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्रहरूमा वर्गीकरण गरिएको छ।

२. विवरण अवलोकनः स्वीकृत योजनाको विस्तृत प्रतिवेदन, नक्सा र कित्तागत विवरण गाउँपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालयहरू र गाउँपालिकाको वेबसाइटमा हेर्न सकिनेछ ।

३. दाबी विरोध वा सुझावः प्रकाशित वर्गीकरणमा कुनै प्राविधिक त्रुटी देखिएमा वा चित्त नबुझेमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालय वा सम्बन्धित वडा कार्यालयमा लिखित निवेदन दिन सकिनेछ ।

४. कार्यान्वयन र अद्यावधिकः उक्त अवधिपश्चात् स्वीकृत योजना पूर्ण रूपमा लागू हुनेछ र सोही बमोजिम जग्गाको स्रेस्ता अद्यावधिक गर्न नापी तथा मालपोत कार्यालयमा सिफारिस पठाइनेछ ।

२०८३/०३/०३
..................
(चेत नारायण कंडेल)
प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : +977-16608644965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email : trmrolpa@gmail.com

Scanned with CamScanner